नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभागको

## स्थायी संस्थापनको आय तथा सेवा प्रदान गरे वापत स्थायी संस्थापनलाई गरिने भुक्तानीमा अग्रिम कर असुल सम्बन्धी सूचना

प्रस्तुत विषयमा मूर्त सम्पत्ति वा संरचनाको आपूर्ति र जडान तथा निर्माण कार्यका लागि छनौट भएको अन्तर्राष्ट्रिय कम्पनीको नेपालमा कार्य सम्पादन गर्न खडा गरिएको निकाय (स्थायी संस्थापन) को आय, सो आयबाट सिर्जना भएको सम्पूर्ण व्यावसायिक मुनाफामा तिर्नुपर्ने कर र नेपालमा कार्य सम्पादन गर्न गरिएको सम्झौता वापतको रकम भुक्तानी गर्ने व्यक्तिले कट्टी गर्नुपर्ने कर र कट्टी गरिएको कर रकम तथा सोको विवरण दाखिला सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ७५ को उपदफा (१) बमोजिम देहायको व्यहोराको सार्वजनिक परिपत्र गर्ने गरी मिति २०७९/०५/२७ मा निर्णय भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

१) मूर्त सम्पत्ति वा संरचनाको आपूर्ति र जडान तथा निर्माण कार्यका लागि छनौट भएको अन्तर्राष्ट्रिय कम्पनीको नेपालमा कार्य सम्पादन गर्न खडा गरिएको निकाय आयकर ऐन, २०५८ को दफा २ को खण्ड (भ) को उपखण्ड (५) तथा खण्ड (कद) को उपखण्ड (४) बमोजिम स्थायी संस्थापन हुने अवस्था भएमा त्यस्तो निकायले नेपालमा एउटै बोलपत्र/खरीद सम्झौता मार्फत कुनै आयोजनाको लागि मूर्त सम्पत्ति वा संरचनाको आपूर्ति र जडान तथा निर्माण लगायतका कार्य गर्न सम्झौता गरेको कुल ठेक्का रकम नै उक्त बासिन्दा निकाय (स्थायी संस्थापन) को आय हुने, सो आयबाट सिर्जना भएको सम्पूर्ण व्यावसायिक मुनाफामा आयकर ऐन, २०५८ बमोजिम नेपालमा कर तिर्नुपर्ने भएकोले उक्त सम्झौता वापतको रकम भुक्तानी गर्ने व्यक्तिले आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा (१) बमोजिम एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्ने र कट्टी गरिएको कर रकम तोकिएको अवधिभित्र राजस्व खातामा दाखिला गरी अनिवार्य रुपमा करदाताको स्थायी लेखा नम्बर राखी विद्युतीय माध्यमबाट कर कट्टी विवरण (E-TDS) पेश गर्नु पर्ने।